# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने बारेको सूचना ।**
**(प्रकाशित मिति:- २०८१।१०।३०)**
**ने.सं. ११४५ सिल्लाथ्व, १५ बुधवार**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७५ को नियम ७ को उपनियम (१) र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.व.२०८२।०८३ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने आर्थिक र सामाजिक अवसरबाट वञ्चित (१८-५९) बर्ष समूहका बेरोजगार व्यक्तिहरुले आफ्नो स्थायी बसोवास भएको वडा कार्यालयमा गई २०८१ साल फागुन १ गते देखि फागुन मसान्तसम्म निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ र बेरोजगार व्यक्तिले तपसिल बमोजिमको विवरण अनिवार्य पेश गर्नुहुन अनुरोध छ ।

तपसिल:-

१. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि थान-१
२. निवेदकको पासपोर्ट आकारको फोटो थान-१
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं., जारी जिल्ला जारी मिति, सम्पर्क नं र परिवारको वार्षिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ ।
४. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए/नलिएको विवरण अनिवार्य भर्नुपर्ने छ ।
५. सम्बन्धित वडाको स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी ( नागरिकता, बसाई सराई, विवाह दर्ता, आदी )
६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत
८१.१०.३०

.....................
तत्त अधिकारी
रोजगार संयोजक

(आशिष चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल
फोन नं. ०९१-५०००७७, ०९१-५०००७९ (LEOC) Google Plus Code : H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali